# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाण्डौ

मिति: २०७४/०७/१५ गते

# प्रेस विज्ञप्ति

## विषय: घुस रकम सहित नियन्त्रणमा लिईएको।

---

जिल्ला मालपोत कार्यालय, हरिवन, सर्लाहीमा कार्यरत नायब सुब्बा ईश्वरी प्रसाद दाहालले जग्गा प्लटिङ्ग गरी बाटो खुलाउने तथा रजिष्ट्रेशन पास गरी जग्गाधनी प्रमाण पूर्जा दिने क्रममा सेवाग्राहीसँग घुस रकम माग गरिरहेको भन्ने उजुरी एवम् निवेदनको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बर्दिवासबाट खटिइ गएको टोलीले निजलाई रु. ५,०००/- (पाँच हजार) घुस रकम लिएको अवस्थामा निजकै कार्यकक्षबाट मिति २०७४/०७/१४ गते घुस रकम सहित नियन्त्रणमा लिई अनुसन्धान भइरहेको छ ।

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता